जीतपुरसिमरा उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

जीतपुर, बारा

## शिलबन्दी बोलपत्र आह्वानको सूचना ।

सूचना प्रकाशित मितिः२०७८/०९/२४

स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ६२क. र यस उपमहानगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १३ को व्यवस्था बमोजिम यस उपमहानगरपालिका क्षेत्रभित्र पर्ने पसाहा, बालगंगा र दुधौरा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थको उत्खनन् गरी यस उपमहानगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपशिल बमोजिमका शर्तहरुहरुको अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| क्र.सं. | ठेक्काको विवरण | उत्खनन् गर्न पाइने परिमाण (क्यु फिट) | न्युनतम रकम(रु.)(मू.अ.क. र सेवा शुल्क बाहेक) | बोलपत्र फारम दस्तुर (रु.) | पेश गर्ने अवधि |
|---|---|---|---|---|---|
| १ | पसाहा, बालगंगा र दुधौराखोलाबाट स्विकृत (IEE) प्रतिवेदनमा उल्लेखित परिमाणम खोलाजन्य पदार्थ उत्खनन, संकलन तथा घाटगद्दी गरी विक्रि गर्न | पसाहा-२३३०४६०,<br>बालगंगा-२३३०४६०<br>दुधौरा-२३३०४६०<br>**जम्मा- ६९९१३८०** | ४१९४८२८०।- (चार करोड उन्नाइस लाख अठचालिस हजार दुई सय असी मात्र) | ५०००।- | १५ दिन |

**शर्तहरु :**

१. बोलपत्र फारम यस कार्यालय वा ईलाका प्रशासन कार्यालय सिमराबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय भित्र खरिद गर्न सकिनेछ ।
२. सूचना प्रकाशित भएको मितिले १६ औं (सोह्रौं) दिनको १२:०० बजे भित्र आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम नेपाल बैंक लिमिटेड जीतपुर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १०००३०००००३००००००००१ मा दाखिला गरेको सक्कलै बैंक भोचर वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (बिड वण्ड) समेत संलग्न गरी बोलपत्र फारम यस कार्यालय वा ईलाका प्रशासन कार्यालय सिमरामा बुझाउनु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु १६ औं दिन दिउसो २:०० बजे नगरकार्यपालिकाको कार्यालयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहबरमा खोलिनेछ। सो समयमा बोपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद, दर्ता र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनमा उक्त कार्यहरु गरिनेछ ।
४. ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७९ जेष्ठ मसान्त सम्म रहनेछ ।
५. बोलपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
६. बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा घरदैलोमा टाँस भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आयकर/मू.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथै लिई सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरिनेछ र दोश्रो बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन : बोलपत्र आह्वान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. सम्झौताको समयमा ठेक्का उल्लेख भए अनुसारको सम्पूर्ण रकम एकमुष्ठ बुझाएमा कबोल अंकको १०% रकम छुट दिइने छ ।
८. ठेकेदारले आफुले कबोल गरेको कुल रकम तीन किस्तामा बुझाउने भएमा पहिलो किस्ता आफूले कबोल गरेको कुल ठेक्का रकमको ३३% रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। त्यस पछिको बाँकी रकमलाई बराबर भाग लगाई २ किस्तामा

बुझाउनु पर्नेछ। सो दुई किस्ता मध्येको पहिलो किस्ताको रकम २०७८ माघ मसान्त भित्र र अन्तिम किस्ता वापतको रकम २०७८ चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

९. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता वाहेक बुझाउन बाँकी रकमको २०७९ जेष्ठ मसान्त सम्म अवधि भई यस कार्यालयको नाममा ठेकेदारको तर्फबाट मात्र जारी गरिएको बैंक जमानत (परफरमेन्स वण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलानपूर्जी दिइनेछ ।

१०. ठेकेदारले नियमानुसार लाग्ने कर दस्तुर, शुल्क आदि सवै रकम आफैले बुझाउनु पर्नेछ। ठेक्का रकमबाट कटाउन पाइने छैन ।

११. बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको छुट वा मिनाहा दिइने छैन ।

१२. शुल्क उठाउने रसिदहरु ठेक्काको शिर्षक अनुसार छुट्टाछुट्टै ३/३ प्रति रसिद ठेकेदारले आफ्नै छपाई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनु पर्नेछ।ठेकेदारले मासिक रुपमा विक्री विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारण संकलन/उत्खनन् रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

१३. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस उपमहानगरपालिकामा सुरक्षित हुनेछ । बोलपत्र पेश गर्दा बोलपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्त सहितको बोलपत्रलाई बदर मानिने छ।साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

१४. संकलन तथा उत्खनन् कार्य गर्दा गराउँदा स्वीकृत आईईमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नुपर्नेछ ।

१५. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सम्बन्धित प्रचलित कानून अनुसार हुनेछ ।

१६. तोकिएको समयमा तोकिएको किस्ता रकम नबुझाएमा कानून बमोजिमको व्याज सहित असुल उपर गरिनेछ। सो समय सम्म पनि किस्ता रकम नबुझाएमा पेश गरिएको परफरमेन्स बण्ड(ग्यारेन्टि) बाट सम्झौता अनुसारको बोलकबोल रकम तोकिएको व्याज समेत असुल उपर गरिने छ। सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउने छैन।

१७ यस उपमहानगरपालिकाको सम्पूर्ण दायित्व तथा बाँकी बक्यौता भुक्तानी गरेको हुनुपर्ने छ ।